## बैठक नं.६

आज मिति २०८१ कार्तिक २८ गते बुधबार दिनको २:०० बजे गोदावरी नगरपालिकाका नगर प्रमुख श्री गजेन्द्र महर्जनज्यूको अध्यक्षतामा तपशिल बमोजिमको उपस्थितिमा नगर कार्यपालिकाको बैठक बसी देहाय बमोजिम निर्णय गरियो ।

**उपस्थिति :**

| | | |
|---|---|---|
| | अध्यक्ष — श्री गजेन्द्र महर्जन | नगर प्रमुख |
| | सदस्य — श्री मुना अधिकारी | उप-प्रमुख |
| | सदस्य-सचिव — श्री मान बहादुर खड्का | प्रमुख प्रशासकीय अधिकृत |
| | सदस्य — श्री श्रीराज थापा | वडाध्यक्ष वडा नं.१ |
| | सदस्य — श्री मनोहर सिलवाल | वडाध्यक्ष वडा नं.२ |
| | सदस्य — श्री सानुराजा घिमिरे | वडाध्यक्ष वडा नं.३ |
| | सदस्य - श्री सानुभाई नगरकोटी | वडाध्यक्ष वडा नं.४ |
| | सदस्य — श्री मिलन सिलवाल | वडाध्यक्ष वडा नं.५ |
| | सदस्य — श्री विष्णुमान महर्जन | वडाध्यक्ष वडा नं.६ |
| | सदस्य — श्री मथुरा प्रसाद शर्मा | वडाध्यक्ष वडा नं.७ |
| | सदस्य — श्री सुक बहादुर लामा | वडाध्यक्ष वडा नं.८ |
| | सदस्य — श्री आत्मराम थापा क्षेत्री | वडाध्यक्ष वडा नं.९ |
| | सदस्य — श्री शेखर न्यौपाने | वडाध्यक्ष वडा नं.१० |
| | सदस्य — श्री निल बहादुर देशार | वडाध्यक्ष वडा नं.११ |
| | सदस्य — श्री जगत बहादुर महर्जन | वडाध्यक्ष वडा नं.१२ |
| | सदस्य — श्री भाष्कर थापा | वडाध्यक्ष वडा नं.१३ |
| | सदस्य — श्री निरोज बज्राचार्य | वडाध्यक्ष वडा नं.१४ |
| | सदस्य — श्री लक्ष्मी देवी महर्जन | कार्यपालिका सदस्य |
| | सदस्य — श्री बिना नगरकोटी | कार्यपालिका सदस्य |
| | सदस्य — श्री उमा खड्का | कार्यपालिका सदस्य |

| | | |
|---|---|---|
| राममाया | सदस्य – श्री राम माया नेपाली | कार्यपालिका सदस्य |
| [signature] | सदस्य – श्री उमा बिशुंके | कार्यपालिका सदस्य |
| [signature] | सदस्य – श्री रिता पुर्कुटी मिजार | कार्यपालिका सदस्य |
| [signature] | सदस्य – श्री रामकृष्ण दनुवार | कार्यपालिका सदस्य |

<u>एजेण्डा</u> :

१. चालु आ.व.२०८१/८२ को हालसम्मको प्रगति समीक्षा गर्ने ।

२. विनियोजन ऐन,२०८१ लाई संशोधन गर्न बनेको विधेयक, २०८१ नगरसभामा पेश गर्ने सम्बन्धमा ।

३. गोदावरी नगरपालिका नगर प्रहरीको सेवा व्यवस्थापन सम्बन्धी विनियमावली, २०८१ नगरसभामा पेश गर्ने सम्बन्धमा ।

४. गर्भवती महिलाहरुलाई क्याल्सियम चक्की वितरण कार्यक्रम कार्यविधि, २०८१ सम्बन्धमा ।

५. चालु आ.व.२०८१/८२ को पहिलो चौमासिकको सार्वजनिक सुनुवाई सम्बन्धमा ।

६. विविध ।

निर्णय नं.१ प्रस्ताव नं.१ माथि छलफल गर्दा चालु आ.व.२०८१/८२ को हालसम्मको प्रगति समीक्षा गर्ने निर्णय गरियो ।

निर्णय नं.२ प्रस्ताव नं.२ माथि छलफल गर्दा विनियोजन ऐन,२०८१ लाई संशोधन गर्न बनेको विधेयक, २०८१ नगरसभामा पेश गर्ने निर्णय गरियो । संशोधन अनुसूची-१ मा संलग्न छ ।

निर्णय नं.३ प्रस्ताव नं.३ माथि छलफल गर्दा गोदावरी नगरपालिका नगर प्रहरीको सेवा व्यवस्थापन सम्बन्धी विनियमावली, २०८१ मा आगामी कार्यपालिकाबाट स्वीकृत गर्ने निर्णय गरियो ।

निर्णय नं.४ प्रस्ताव नं.४ माथि छलफल गर्दा गर्भवती महिलाहरुलाई क्याल्सियम चक्की वितरण कार्यक्रम कार्यविधि, २०८१ पारित गर्ने निर्णय गरियो ।

निर्णय नं.५ प्रस्ताव नं.५ माथि छलफल गर्दा चालु आ.व.२०८१/८२ को पहिलो चौमासिकको सार्वजनिक सुनुवाई २०८१ कार्तिक २९ गते नगर कार्यपालिकाको प्रमुख प्रशासनिक भवनको प्राङ्गढमा गर्ने निर्णय गरियो ।

निर्णय नं.६ विविध ।

६.१ गोदावरी नगरपालिकालाई अनिवार्य तथा निःशूल्क आधारभूत शिक्षा घोषणा गर्ने प्रयोजनका लागि बागमती प्रदेश सामाजिक विकास मन्त्रालय हेटौडाले निकालेको सूचना अनुसार अनुदानको लागि प्रस्ताव पेश गर्ने निर्णय गरियो ।

**६.२ ऐतिहासिक-सांस्कृतिक राष्ट्रिय संग्रहालय निर्माणका लागि जग्गा प्राप्ति सम्बन्धमा**

(क) यस अघि गोदावरी नगरपालिकामा ऐतिहासिक-सांस्कृतिक राष्ट्रिय संग्रहालय निर्माणका लागि साविक गोदावरी मार्वल उद्योग रहेको जग्गा प्राप्तिका लागि मिति २०८१/०६/०७ गतेको नगर कार्यपालिकाको निर्णय गरी पठाइएकोमा २०८१ असोज १० देखि १२ सम्म परेको अविरल वर्षातका कारण उक्त स्थानमा जाने सडक व्यापक बिग्रीएको र स्थलगत प्राविधिक अवलोकनबाट उक्त स्थानमा राष्ट्रिय संग्रहालय निर्माणका लागि प्राविधिक रुपमा उपयुक्त देखिएन । साविक किटिनी गाविस वडा नं.५(ख) कित्ता नं.६३ को दक्षिणतर्फ करिब ३ हेक्टर जग्गामा तत्कालिन फलाम खानीले निर्माण र प्रयोग गरेका दुई वटा जीर्ण अवस्थामा रहेका भवन समेत रहेको, रुख बिरुवा नभएको खाली चौर संग्रहालय निर्माणका लागि उपयुक्त देखिन आयो । स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ को उदफा (२) को (१) खण्ड (क) र (छ) अनुसार जग्गा संरक्षण गर्नुपर्ने दायित्व गोदावरी नगरपालिकामा समेत रहेको छ ।

सोही क्षेत्रमा राष्ट्रिय वनस्पति उद्यान रहेकोले वनस्पति विज्ञान अध्ययन अनुसन्धान समेतका लागि वार्षिक ठूलो संख्यामा पर्यटक (स्वदेशी/विदेशी) अध्ययन/अनुसन्धान/अवलोकन/भ्रमण गर्ने भए पनि पर्यटकको बसाई अवधि विस्तार गर्न नसक्दा महत्वपूर्ण पर्यटन क्षेत्रबाट लाभ लिन नसकिएको पृष्ठभूमिमा नेपाल एकीकरण देखि हालसम्मको स्वाधीन

मान बहादुर खड्का
प्रशासकीय अधिकृत

गजेन्द्र महर्जन
नगर प्रमुख

र संघर्षपूर्ण ईतिहास एवम् विविधतायुक्त सांस्कृतिक पूँजीको अभिलेख, संरक्षण र प्रसारण गर्ने माथि उल्लेखित जग्गाको संरक्षण गर्दै **"ऐतिहासिक सांस्कृतिक राष्ट्रिय संग्रहालय"** निर्माण गरी राष्ट्रलाई चिनाउन राष्ट्रिय गौवरको आयोजनाको रुपमा अघि बढाउने महत्वपूर्ण कार्य थालनी गर्नुपर्ने देखिँदा प्रस्तुत विषयमा उपयोग विहीन र अतिक्रमणको जोखिममा रहेको उक्त जग्गामध्ये करिब ३ हेक्टर यस नगरपालिकाले राष्ट्रिय संग्रहालय निर्माण गर्ने गरी प्राप्त गर्न तालुक निकायमा लेखी पठाउने निर्णय गरियो ।

**६.३ नगरअस्पताल निर्माणका लागि DPR तयार गर्ने सम्बन्धमा ।**

(क) यस नगरपालिकाको वडा नं.१२ ठेचोमा नगर अस्पताल निर्माण गर्नका लागि साविक ठेचो गा.वि.स. वडा नं.४(क) कित्ता नं.२७३/२७४ को क्षेत्रफल जग्गामा अस्पताल निर्माणका लागि आर्थिक वर्ष २०७८/७९ मा रु.१९,३२,३००।- मा माटो परिक्षण र DPR तयार गरिएकोमा उक्त जग्गा प्राविधिक रुपमा अपर्याप्त र सामाजिक रुपमा घना बस्तीको बीचमा रहेको हुँदा प्राविधिक स्थलगत निरीक्षण गर्दा नगर अस्पतालन निर्माणका लागि सोही वडाको साविक ठेचो गा.वि.स. वडा नं.६(क) कित्ता नं.५६ को क्षेत्रफल ९-०-०-० जग्गामा निर्माण गर्न पर्याप्त र उपयुक्त देखिएको हुँदा उक्त जग्गाको माटो परीक्षण र DPR तर्जुमा गरी अस्पताल निर्माण प्रक्रिया अघी बढाउने निर्णय गरियो ।

६.४ "घ" वर्गको निर्माण व्यवसायी ईजाजत पत्र जारी गर्ने सम्बन्धमा प्राविधिक राय सिफारीसका आधारमा पेश हुन आएको देहाय बमोजिमको निर्माण व्यवसायीको इजाजत पत्र जारी गर्ने निर्णय गरियो ।

(क) श्री अक्सा कन्ट्रक्सन प्रा.लि., गोदावरी नगरपालिका-१२ ललितपुर, सञ्चालकःइजमामूल हक

६.५ सशस्त्र प्रहरी बल नेपाल नं.२१ गण हे.क्वा.दक्षिणकाली ललितपुरको कार्यालय परिसरमा ललितपुर जिल्लामा उत्पन्न हुन सक्ने विपद्जन्य घटनामा प्रयोग हुने विपद् उद्दारका सामाग्रीहरुको भण्डारण भई रहेको पुरानो रबहल २०८१ असोज १० देखि १२ गतेसम्म परेको अविरल वर्षातका कारण जिर्ण भई प्रयोग गर्न नसकिने अवस्थामा रहेकोले उक्त रबहल पुनःनिर्माणका लागि चालु आर्थिक वर्ष २०८१/८२ को वार्षिक कार्यक्रमको विपद् व्यवस्थापन शिर्षकबाट रु.५,००,०००।- (पाँच लाख मात्र) उपलब्ध गराउने निर्णय गरियो ।

६.६ नगर खेलकुल विकास समितिको सदस्य-सचिवमा जिन्सी शाखा प्रमुखलाई तोक्ने निर्णय गरियो ।

६.७ यस नगरपालिकाको वडा नं.१२ पाको जाने सडक मर्मतका लागि छनौट गरी कार्यक्रम स्वीकृतिको लागि सडक बोर्ड नेपालमा लेखी पठाउने निर्णय गरियो ।

६.८ यस नगरपालिकामा जनस्वास्थ्य निरीक्षक पदमा कार्यरत श्री राजेन्द्र श्रेष्ठ (क.सं.नं.२१७२३२) ले राष्ट्रिय चिकित्सा शिक्षा आयोगबाट लिइएको बी.पी.एच.परीक्षामा पूर्ण छात्रवृत्तिमा छनौट भई पूर्वाञ्चल विश्वविद्यालय स्कूल अफ हेल्थ साइन्सेजमा अध्ययन गर्नका लागि मिति २०८१/१०/१८ गतेबाट लागू हुने गरी ४ वर्षको तलबी अध्ययन बिदा स्वीकृत गर्ने निर्णय गरियो ।

मान बहादुर खड्का
प्रमुख प्रशासकीय अधिकृत

गजेन्द्र महर्जन
नगर प्रमुख